मिति: २०८२/०२/१९

# प्रेस विज्ञप्ति

## विषयः निगम सम्बन्धी विभिन्न संचार माध्यममा आएको समाचार बारे यर्थाथ जानकारी ।

नेपाल वायुसेवा निगमको सम्बन्धमा विभिन्न संचार माध्यमहरुमा आएका समाचारहरुप्रति निगमको गम्भिर ध्यानाकर्षण भएको छ । यस सम्बन्धी आम जनमानसमा पर्न गएको भ्रम निवारण गर्न र यथार्थ जानकारी दिने उद्धेश्यले यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. नेपाल वायुसेवा निगमले अन्तर्राष्ट्रिय प्रचलन अनुसार विमान निर्माता कम्पनी र नियमनकारी निकाय नेपाल नागरिक उडड्यन प्राधिकरणले तोकेको मापदण्ड अनुसार मर्मतसम्भार गरि पूर्णरुपले उडानयोग्य भइसके पश्चात यात्रुहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राखी उडान संचालन गर्दै आईरहेको छ र निगमसंग अन्तर्राष्ट्रिय उडानका निम्ति २ वटा A330 Wide Body विमान, २ वटा A320 Narrow Body विमान र आन्तरिक तर्फ उडान गर्ने DHC-6: Twin-Otter विमान दुई वटा रहेको व्यहोरा अवगत गराउदछौं ।

२. निगमले अन्तर्राष्ट्रिय उडानमा प्रयोग भैरहेको चारवटै विमानहरुको Major Check (C-Check) नेपालको सार्वजनिक खरिद नियमावली अनुरुप सेवा खरिद गरि हालै सम्पन्न गरिसकेको छ र ती चारवटै विमानहरुलाई विभिन्न ८ देशका १० गन्तव्यहरुमा उडान तालिका अनुरुप प्रयोग गरिरहेको छ। त्यस्तै, निगमको दुईवटा Twin-Otter जहाज मार्फत देशका विभिन्न विकट जिल्लाहरुका Airport हरुमा उडान तालिका अनुसार संचालन गरि नेपाली नागरिकहरुको सेवामा समर्पित रहेको छ ।

३. निगमले विभिन्न मितिमा अन्तर्राष्ट्रिय उडानमा प्रयोगहुने विमानहरुको मर्मतसंभार C-Check मा भएका ढिलाई सम्बन्धमा नायव महाप्रवन्धक (प्रा.) र निर्देशक आन्तरिक लेखा परिक्षण विभागको संयोजकत्वमा छानविन समितिहरु गठन भई काम गरिरहेको र छानविनको क्रममा दोपी ठहर भएमा दोपी तथा सम्झौता उल्लंघन गर्नेलाई कानूनी दायरामा ल्याई कारवाही गरिनेछ ।

४. हालको व्यवस्थापनले निगम समाल्नुपूर्व संचयकोप र नागरिक लगानी कोपलाई तिर्नुपर्ने किस्ता रकम करिब २ वर्षदेखि पूर्णरुपले नतिरिएको अवस्थावाट सुधार भई निगमले अन्तर्राष्ट्रिय उडानहरु तथा Ground Handling Service को पूर्ण क्षमतामा संचालन गरि प्राप्त Revenue बाट विगतमा Covid-19 संक्रमण कालको समेत ऋण ब्याज मिनाह नहुँदा पनि संचयकोप र नागरिक लगानी कोपलाई नियमित रुपले सांवा र ब्याज (किस्ता) रकम A320 जहाजको पुरै र A330 जहाजको आंशिक गरेर मिति २०८१ चैत्र मसान्तसम्म रु ७ अर्ब ३९ करोड ५ लाख ८ हजार ९५ रुपैया चुक्ता गरिसकेको छ ।

५. निगमले नागरिक लगानी कोप र संचयकोपलाई कर्जाको पूनःसंरचना गरि किस्ता संख्या बढाउनको लागि अनुरोध समेत गरेको, नेपाल राष्ट्र बैंकको प्रचलित ब्याजदर नीति भन्दा बढी ब्याज दर निगमलाई कायम गरेकोले त्यसको पूनःमुल्याङ्कन गर्न पत्राचार गरेको तथा Covid-19 विश्वमहामारीका बखतको निगमले तीर्नपर्ने ब्याज तथा ब्याजको ब्याज र हर्जाना छुट गरिदिन नेपाल राष्ट्र बैंकको नियमानुसार "पेनल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन" तथा मुलुकी देवानी संहीता अनुसार "साहुले ऋणबाट ब्याजको ब्याज लिन पाउने छैन" भन्ने उल्लेख भए अनुसार संचयकोप र नागरिक लगानी कोपलाई पत्राचार तथा पहल गरिरहेको अनुरुपनै सञ्चयकोप र नागरिक लगानी कोपले छुट दिने प्रक्रिया अगाडि बढाउने विश्वास छ ।

६. निगम राष्ट्रिय ध्वजावाहक भएकै कारणले मात्र नभई विश्वमा Selected Ground Handler ले मात्र पाउने अन्तर्राष्ट्रिय ISAGO मान्यता प्राप्त Ground Handling Service Provider (GSP) मध्ये निगम एक अब्वल संस्था भई त्रि.अ.वि.को ग्राउण्ड ह्याण्लीङ्ग सेवा प्रदान गरिरहेको र त्यसबाट प्राप्त आम्दानीले देशको अर्को दुई क्षेत्रिय विमानस्थलहरु (Gautam Buddha International Airport, भैरहवा र Pokhara International Airport, पोखरा) मा ग्राउण्ड ह्याण्डलीङ्ग

सेवा प्रदान गर्दा निगमलाई पूर्ण घाटा भएता पनि राष्ट्रिय दायित्व बोध गरि राष्ट्रिय गौरवका योजनाहरुलाई पूर्णरुपले अगाडि बढाउन मद्धत गरिरहेको छ र अबका दिनमा समेत ISAGO Certified एकमात्र सरकारी स्वामित्वको संस्था निगम भएको र सुरक्षा, संवेदनशीलतालाई समेत ध्यानमा राखी अन्तर्राष्ट्रिय विमानस्थलहरुको Ground Handling Service निगमलाई नै प्रदान गर्नुपर्ने उपयुक्त हुन्छ ।

७. अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने विमानहरुको इन्जिन संसारकै धेरैवटा एयरलाइन्सहरुले खर्चिलो र Store सम्बन्धी जटिल प्रक्रिया हुने भएको कारणले जगेडा इन्जिन राख्दैनन् र निगमले पनि अन्तर्राष्ट्रिय प्रचलन अनुरुप नै जगेडा इन्जिन नराखी इन्जिन Lease with MRO, आर्थिक विनियम, २०६५ बमोजिम काम गराईराखेको जानकारी गराउदै सोहि अनुरुप निगमको A320 विमानहरुको इन्जिन एक पछि अर्को गर्दै दुईवटै न्यारोबडी जहाजहरुको तीनवटा इन्जिनहरु मर्मत भै संचालनमा रहेका र एक इन्जिन मर्मत भैसके पछि Engine Lease Return को चरणमारहेको जानकारी गराईन्छ ।

८. IAI संग A320 इन्जिनको सम्झौता गरि मर्मतसंभारका लागि पठाईएको इन्जिन सम्बन्धमा, IAI ले समयमा इन्जिन उपलब्ध नगराउँदा निगमलाई क्षति पुर्‍याएको र सो क्षतिपूर्तिका लागि IAI संग निगमले क्षतिपूर्ति Claim गरेको र सोहि बमोजिम क्षतिपूर्ति पाउनको लागि पत्राचार समेत गरिसकेको छ ।

९. निगमको आर्थिक भार कम गर्ने विभिन्न उपायहरु मध्ये निगमले वैदेशिक ऋण सहायता मार्फत महङ्गो ब्याजदर र साँवा घटाउन पहल गरिरहेको सन्दर्भमा हालसम्म गरेका प्रस्तावहरुमा पर्यटन व्यवसायी मात्र नभई होटल व्यवसायीहरु तथा सरोकारी निकाय समेत यसकार्यमा साथ दिनुपर्ने तर्ककासाथ प्रयासरतरहनु निगमको दायित्व अनुरुप सान्दर्भिक देखिन्छ ।

१०. अन्तर्राष्ट्रिय उडान गर्ने विमान संख्या न्यून भएकै कारण निगमको सेवा विस्तार खुम्चिएकोले हवाई बजारमा आफ्नो उपस्थिती जनाउन निगमले लिजमा विमान ल्याउन गठित उपसमितिद्वारा पेश गरिएको प्रस्ताव व्यवस्थापनले संचालक समितिमा पेश गरिसकेको र सो उपर भएर छलफल भैरहेको छ ।

११. निगमले सन् १९७१ देखि Twin-Otter जहाज संचालन गरिरहेकोले त्यसका जगेडा पार्टपूर्जा, दक्ष पाइलट र इन्जिनियर तथा विज्ञताका कारणले पनि निगमले खरिद गर्ने विमान Twin-Otter नै भैदिए आफ्नो विज्ञताले सधै उच्च प्रतिफल हासिल गर्ने उद्धेश्य राखेर Twin-Otter वा Twin-Otter जस्तै STOL सेवाको लागि साना ३ वटा जहाज खरिद गर्न कमिटिले काम गरिरहेको छ ।

१२. निगमको महाप्रबन्धक जस्तो जिम्मेवारीपूर्ण पदमा विगतमा आसीन भएका व्यक्तिहरुद्वारा पूर्व उच्च पदस्थ पदाधिकारीहरुले कायम गर्नुपर्ने पदीय मर्यादा, गरिमा तथा आचरण सम्बन्धी प्रावधानहरु विपरित हुने गरि हाल निगमका पूर्व महाप्रबन्धकहरु श्री कुल बहादुर लिम्बुद्धारा आफु पदासीन रहँदा निगमभित्र भए गरेका कार्यहरुको अपनत्व ग्रहण गर्नुको सट्टा श्री सम्मानित सर्वोच्च अदालतद्धारा कानून विपरित ठहर भएको रकम रु ८० लाख प्राप्त नभएको विषय तथा श्री डिम प्रकाश पौडेलद्धारा निगमलाई कौडीको भाऊमा बेच्ने जस्ता प्रपन्चमा संलग्न रहि निगम परिवारद्धारा तिरस्कृत भई बाहिरिनु परेको यथार्थलाई विपयान्तरण गर्दै निगम विरुद्ध वस्तुगत, आधारविहिन, तथ्यहिन विषयहरु राखी निगमको साख र गरिमामा आँच आउने प्रकृतिका झुटा समाचार तथा सूचनाहरु विभिन्न संचार माध्यमहरुद्धारा पटक-पटक आम जनमानसमा प्रवाह गरिएको प्रति खेद प्रकट गर्दै यस्ता प्रकृतिका झुटा समाचार तथा सूचनाहरु प्रवाह नगर्न निगम अनुरोध गर्दछ ।

१३. जहाज संचालन जटिल र विशुद्ध प्राविधिक विषय भएको कारणले विमानमा प्रयोग हुँने सामान बिग्रने र मर्मत गर्ने कार्य नियमितरुपले प्रकृयासंगत रुपमा निरन्तर चलिरहन्छ । विमान मर्मत संभारको निम्ति दक्ष प्राविधिक कर्मचारी, सामाग्री, Facilities, Tools, Slot, समय, इत्यादीको उचित व्यवस्थापन गरी मर्मत कार्य गर्नुपर्ने बाध्यतालाई नबुझि विभिन्न संचार माध्यमहरुले कपोल-कल्पितरुपले निगमलाई आरोप लगाउँदा समेत सिमित श्रोत साधनका बावजुद आफ्नो सेवा निरन्तररुपले प्रदान गर्दै आईरहेको छ ।

| | |
|---|---|
| मनोज कुमार साह<br>प्रवक्ता (प्रा.)<br>नेपाल वायुसेवा निगम | सुवास डाँगी<br>प्रवक्ता<br>नेपाल वायुसेवा निगम |

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं,नेपाल, फोन: ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np,info@nac.com.np, Web: www.nepalairlines.com.np